निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय,पाल्पा

# DISTRICT ELECTION OFFICE, PALPA

प.सं.: २०७९/०८०

च.नं.: ३६

मिति : २०७९/०५/०९

श्री सबै स्थानीय तहहरु

पाल्पा ।

**विषय : मतदाता नामावली अद्यावधिक(दाबी विरोध समेत) कार्यक्रम संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारले आगामी २०७९ मंसीर ४ गते प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन एकै चरणमा गर्ने गरि मिति तोकिसकेको हुदा निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि निर्वाचनको आधार स्तम्भको रुपमा रहेको मतदाता नामावलीलाई निर्धारित समयभित्रै तयार गरिसक्नु पर्ने हुन्छ । निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन भन्ने कानूनी व्यवस्था बमोजिम निर्वाचनको मिति घोषणा भएको दिन(२०७९/०४/१९)सम्म संकलन भएको तथा मतदान हुने मिति भन्दा अघिल्लो दिन(२०७९/०८/०३)सम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिहरुको मतदाता नामावलीलाई अद्यावधिक तथा दाबी विरोधको प्रक्रिया पुरा गरि अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपर्ने हुदा मतदाता नामावली अद्यावधिक गरि त्रुटि रहित अन्तिम मतदाता नामावली तयार गर्नका लागि निर्वाचन आयोगबाट मिति २०७९/०५/१२ गतेदेखि मिति २०७९/०५/१९ गतेसम्म मतदाता नामावली अद्यावधिक(दाबी विरोध समेत) कार्यक्रम सबै निर्वाचन कार्यालयहरुबाट संचालन गर्नका लागि निर्णय भएको व्यहोरा अनुरोध छ ।

तसर्थ यस कार्यक्रमको उद्देश्य बमोजिम मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन र अद्यावधिक गर्न निर्वाचन आयोबाट स्वीकृत कार्यक्रम कार्यतालिका र तोकिएका निवेदनका ढाँचाहरु(अनुसूची फाराम) पाना आठ यसैसाथ संलग्न गरि पठाइएको छ । तहाँ कार्यालयले आफ्नो वेवसाईट, सूचना पाटीमा सार्वजनिक गरि सबै वडाहरुमा समेत टाँस गर्न र स्थानीय स्तरबाट व्यापक प्रचार प्रसार गरि सम्बन्धित सबैमा सुसूचित गर्नहुन अनुरोध छ ।मतदाताहरुको नामावली(प्रिन्ट प्रति) वडा अनुसार समेत बुझाइसकिएको व्यहोरा अनुरोध छ ।आफ्नो कार्यालय र वडा कार्यालयहरुमा कार्यक्रम कार्यतालिका सहित सूचना टाँस गरेको जानकारी यस कार्यालयलाई उपलव्ध गराउन समेत अनुरोध छ ।

..................

(कृष्णप्रसाद अर्याल)

जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने। | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बँसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/०५/१६ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/०५/१७ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २३ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | कसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ | २०७९/०५/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |